# पाठ ६

# परमेश्वरको वचनमा भर पर्नु

"म उहाँको चर्चा गर्नेछैन, म फेरि कहिल्यै उहाँको नाउँमा बोल्नेछैन" भनी पुरानो करार अगमवक्ता यर्मियाले भनेका थिए । नैराश्यको समयमा उनले गनगन गर्दै परमेश्वरमा आफ्नो हृदय खन्याएका थिए, "दिनभरि नै म हाँसोको पात्र बनेँ, सबले मलाई ठट्टा गर्छन् ... परमप्रभुको वचनले दिनभरि नै मलाई निन्दा र खिसी ल्याएको छ ।"

तर यर्मियालाई केही भयो । परमेश्वरको वचन उनीभित्र आगोजस्तै जलिरहेको थियो ! उनले भने, "परमेश्वरको वचन मेरो हृदयमा जलिरहेको र मेरा हड्डीहरूमा थुनिराखेको आगोजस्तो हुन्छ । त्यसलाई भित्र रोकिराख्दा म थकित हुन्छु, साँच्चै म त्यो थाम्नै सक्दिनँ" (यर्मिया २०:७-९) । उनले परमेश्वरको वचनको जीवन्त शक्तिको अनुभव गरेका थिए । तब उनले यसो भन्न सके, "के मेरो वचन आगोजस्तै छैन र ? चट्टानलाई चूरचूर पार्ने के त्यो एउटा ठूलो घनझैँ छैन र ? परमप्रभु भन्नुहुन्छ" (यर्मिया २३:२९) ।

सुसमाचार बाँड्ने तपाईंको काममा परमेश्वरको वचन आगोजस्तै हो भन्ने कुरालाई याद गर्नुहोस् । आगोले विभिन्न थोकहरूलाई जलाउँछ । परमेश्वरको वचनले पापलाई कायल पार्छ र दुष्टतालाई नाश गर्छ । आगोले न्यानोपन उत्पादन गर्छ । परमेश्वरको वचन सत्य हो; यसले हृदयलाई न्यानो पार्छ । परमेश्वरको वचन घनजस्तो पनि हो । एउटा घनले फुटाउने काम गर्छ । ठूला ठूला ढुङ्गाहरूलाई स-साना टुक्राहरूमा फुटाउने कालीगढलाई के तपाईंले देख्नुभएको छ ? घनजस्तै परमेश्वरको वचनसँग कडा हृदयहरूलाई फुटाउने शक्ति छ । तर याद गर्नुहोस् कि उहाँको वचन घन हो- तपाईं होइन ! परमेश्वरको वचनमा भर पर्न सिक्नुहोस् ।



## पाठको रूपरेखा

आत्मा जित्नका निम्ति परमेश्वरको वचन तपाईंको अधिकार हो
परमेश्वरको वचनसँग ठूलो शक्ति छ
परमेश्वरको वचन र पवित्र आत्माले एकसाथ काम गर्नुहुन्छ
परमेश्वरको वचन तपाईंको जीवनको महत्वपूर्ण भाग बन्नुपर्दछ

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले :

- पापलाई प्रकट गर्नमा, विश्वासलाई दिनमा र जीवन परिवर्तन ल्याउनमा वचनको भूमिकालाई बुझ्न सक्नुपर्नेछ ।
- पवित्र आत्माको काम र परमेश्वरको वचनको बीचमा रहेको मिलापप्रति सचेत हुन सक्नुपर्नेछ ।
- आत्मा जित्ने काममा बाइबलका वचनलाई अझै प्रभावकारी रूपमा प्रयोग गर्न सक्नुपर्नेछ ।

## सिक्ने क्रियाकलापहरू

१. यस स्वयम्-अध्ययन पाठ्यपुस्तकमा पाठलाई पढ्नुहोस् र पाठ विकासमा दिइएका अभ्यासहरूलाई पूरा गर्नुहोस् । औंलाटुप्पो खण्डलाई कण्ठ गर्नुहोस् ।

२. पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरूलाई ध्यानपूर्वक जाँच गर्नुहोस् ।

३. पाठहरू ४-६ लाई समीक्षा गर्नुहोस्, तब एकाइ २ को विद्यार्थी प्रतिवेदन उत्तर-पृष्ठलाई पूरा गरी तपाईंका आई सी आई प्रशिक्षककहाँ पठाउनुहोस् ।

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| अज्ञेयवादी | निर्विवाद | बल दिनु |
| नास्तिक | रहस्यमय | टुक्रा पसाउनु |

---

## पाठ विकास

### आत्मा जित्नका निम्ति परमेश्वरको वचन तपाईंको अधिकार हो

**उद्देश्य १.** *आत्मा जित्नमा परमेश्वरको वचन तपाईंको अधिकार हो भन्ने बयानलाई तपाईंका आफ्नै शब्दहरूमा समर्थन गर्नुहोस् ।*

बाइबलका लेखकहरूका बारेमा यसले भनेको छ, "किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्" (२ पत्रुस १:२१) । अवश्य पनि, तिनीहरूको लेखाइ ढाँचा प्रायःजसो एक-अर्काबाट भिन्न थियो । अगमवक्ता यशैयाले विशिष्ट कवितात्मक शैलीमा लेखेका थिए; प्रचारक मर्कूसले सीधै र शक्तिशाली तरिकामा लेखेका थिए । बाइबलका धेरै लेखकहरू हुँदाहुँदै पनि यसको समग्र मुख्य विषयवस्तु एकतामा एकसाथ बहन्छ । प्रेरित पावलले भनेका छन्, "सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई ... लाभदायक हुन्छ" (२ तिमोथी ३:१६) ।

पवित्रशास्त्रलाई परमेश्वरले सास फेर्नुभएको हुनाले तिनीहरूको अधिकार सर्वोच्च तहमा खडा हुन्छ । त्यसभन्दा ठूलो अधिकार संसारमा छँदैछैन । स्तोत्रकारले प्रभुका बारे यसो भनेका थिए, "तपाईंले आफ्नो नाउँ र आफ्नो वचन सबै कुरामाथि उच्च पार्नुभएको छ" (भजनसङ्ग्रह १३८:२) ।

कोही कोही व्यक्तिहरूले यस्ता प्रश्नहरू सोध्छन्, एक व्यक्तिलाई एउटा विश्वासबाट अर्को विश्वासमा परिवर्तन गराउने के अधिकार तपाईंसँग छ ? वा,

के अधिकार लिएर तपाईंले सुसमाचार प्रचार गरिरहनुभएको छ ? धेरै सरकारहरू सुसमाचार प्रचारको विरोधमा छन् । तब, उत्तरचाहिँ के हो ?

हुन सक्छ, हामी यस उदाहरणलाई प्रयोग गर्न सक्छौँ । मानी लिऔँ, तपाईंले एउटा गाडी हाँक्दै हुनुहुन्छ र तपाईं सडकमा रातो बत्ती बलेको ठाउँमा आइपुग्नुभयो, अनि तपाईंलाई थाहा छ कि तपाईंले त्यहाँ रोक्नुपर्छ । यद्यपि, यदि ट्राफिक प्रहरी दोसाँधमा उभिएर गाडीहरूलाई जाने निर्देशन दिइरहेका थिए र बत्तीले जे भने पनि तपाईं अगाडि बढ्नुहोस् भनी उनले तपाईंलाई भन्दा, तपाईंले त्यसै गर्नुहुनेछ । तपाईंले उच्च अधिकारलाई मान्नुहुन्छ ।

येशू यस पृथ्वीमा हुनुहुँदा उहाँले शिक्षणमा घण्टौँ बिताउनुभयो । हामी पढ्छौँ कि, "अनि तिनीहरू उहाँका शिक्षामा चकित भए । किनकि उहाँले तिनीहरूलाई शास्त्रीहरूले जस्तो होइन, तर अधिकारसँग सिकाउनुभयो" (मर्कूस १:२२) ।

पश्चात्ताप र विश्वासमा ख्रीष्टमा फर्कन मानिसहरूलाई प्रोत्साहन गरिने अधिकार परमेश्वरको वचनका शिक्षाहरूबाट आउँछ । सुसमाचार प्रचार गर्नका लागि हाम्रो निर्विवाद अधिकार बाइबल नै हो । मुक्तिको सुसमाचार फैलाउनका लागि हामीलाई आज्ञा गरिएको छ । पावलले लेखेका छन्, "म तिमीलाई कडा आज्ञा दिँदछु, वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा शिक्षामा दिने कुरामा नचुक" (२ तिमोथी ४:१-२) ।

**१.** प्रेरित ५:१५-३० पढ्नुहोस् । पत्रुस र अरू प्रेरितहरूले अधिकारमा सर्वोच्च कसलाई स्वीकार गरेका थिए ?

.............................................................................................

यसको सन्देश घोषणा गर्नलाई बाइबलले हामीलाई अधिकार मात्र दिने होइन, तर बाइबल नै अधिकार हो किनकि यो स्वयम् परमेश्वरको प्रकाश हो । त्यसैकारणले यो अद्वितीय र सबै अरू धार्मिक पुस्तकहरूभन्दा सर्वोच्च छ । बाइबलले येशू ख्रीष्टमा विश्वासद्वारा हुने मुक्तिको सुसमाचारको रेकर्ड गरेको छ । यो "उहाँका अनुग्रहको वचन हो, जसले तपाईंहरूलाई सुदृढ पार्न सक्छ, र पवित्र पारिएकाहरू सबैका बीचमा उत्तराधिकार दिन सक्छ" (प्रेरित २०:३२) ।

**नयाँ करार**



**येशू ख्रीष्टद्वारा अनुग्रह र सत्यता आयो ।**

**पुरानो करार**



**मोशाद्वारा व्यवस्था आयो ।**

पवित्रशास्त्रको सम्पूर्ण सन्देशलाई यी शब्दहरूद्वारा सारांशित गर्न सकिन्छ, "व्यवस्था मोशाद्वारा दिइयो, अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए" (यूहन्ना १:१७) । पुरानो करारले परमेश्वरको धार्मिक व्यवस्थालाई प्रकट गरेको छ । नयाँ करारले येशू ख्रीष्टद्वारा अनुग्रह र सत्यतालाई फैलाई व्यवस्थालाई पूरा गरेको छ ।

२. *औँलोटुप्पो बाइबल खण्ड*

*शीर्षक :* **परमेश्वरको प्रेम प्रकट भयो** *बाइबल खण्ड :* **यूहन्ना १:१८**

*बाइबल पद :* **परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन । पिताको साथमा हुनुहुने एकमात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ ।**

परमेश्वरले दिनुभएका व्यवस्थाहरू दश मुख्य व्यवस्थाहरूमा आधारित छन्, जसलाई हामी दश आज्ञाहरू भन्छौँ र यी आज्ञाहरूले युगौँदेखि धेरै देशहरूका आधारभूत व्यवस्थाहरूलाई प्रभाव पारेका छन् व्यवस्थाको उद्देश्य "गल्ती काम" के हो भनी मानिसहरूलाई महसुस गर्न लगाउनु हो (गलाती ३:१९) । यसले पाप, मानिसहरूको असफलता र पापको दण्डलाई प्रकट गर्छ ।

येशू ख्रीष्टद्वारा आएको अनुग्रहले पाप प्रश्नको समाधान प्रदान गर्छ । अनुग्रह येशूको व्यक्तित्व र कार्य हो । संसारका एकमात्र मुक्तिदाताका रूपमा इतिहासमा उहाँ अग्रपङ्क्तिमा उभिनुहुन्छ । "उहाँका अनुग्रहको पूर्णताबाट हामीले एउटा अनुग्रहमाथि अर्को अनुग्रह पाएका छौँ" (यूहन्ना १:१६) ।

तपाईंले सुसमाचार प्रचार गर्नुहुँदा दुवै खराब समाचार र शुभ समाचारको सञ्चार गरिरहनुभएको हुन्छ। खराब समाचार व्यवस्थासँग सम्बन्धित हुन्छ : परमेश्वरको धार्मिक र न्यायिक व्यवस्था पालन गर्न प्रत्येक व्यक्ति कहीँ न कहीँ असफल भएको हुन्छ। शुभ समाचार ख्रीष्टमा भएको मुक्तिसँग सम्बन्धित छ जसले हाम्रो सट्टामा व्यवस्थाको पूर्ण दण्ड भोग्नुभयो। परमेश्वरका पुत्र येशूमा भएका परमेश्वरका कृपा, प्रेम र अनुग्रहद्वारा हामीले उद्धार पाउन सक्छौँ (एफिसी २:४-५)। प्रचार, शिक्षण र शुभ समाचार बताउँदै गरिएको सुसमाचार प्रचारले मानिसहरूलाई "सत्यता जान्न" सहायता गर्छ र यस सत्यताले उनीहरूलाई स्वतन्त्र तुल्याउनेछ (यूहन्ना ८:३२)। सत्यतालाई अधिकारले घेरेको हुन्छ !

**३** व्यवस्थाको उद्देश्य मानिसहरूलाई तिनीहरूका महसुस गर्न लगाउनु हो।

.................................................................................................

**४** पुरानो र नयाँ करार शिक्षाहरू केही क्षेत्रहरूमा मिसिएका छन्, जहाँ ख्रीष्ट आउनुभन्दा धेरै पहिले परमेश्वरले आफ्नो प्रेम देखाउनुभएको छ। हामी ख्रीष्टमा प्रेमको पूर्ण प्रकाश देख्छौँ। यसो भए तापनि, व्यवस्थाले मानिसहरूलाई कैदीहरूका रूपमा थुनेको थियो (गलाती ३:२३)। अनुग्रहका मुनि जिउने कुरासँग सम्बन्धित शब्दहरूका पछाडि 'अ' र व्यवस्थाको मुनि जिउने कुरासँग सम्बन्धित शब्दहरूका पछाडि 'व्य' लेख्नुहोस्।

| | | | |
|---|---|---|---|
| गल्ती काम | ............. | कृपा | ............. |
| जीवन | ............. | पाप | ............. |
| स्वतन्त्रता | ............. | सत्यता | ............. |
| दण्ड | ............. | बन्धन | ............. |

**५** आत्मा जित्ने काममा हाम्रो अधिकार बाइबल हो भन्ने तथ्यलाई समर्थन गर्ने दुई कारणहरूलाई तपाईंको आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस्।

## परमेश्वरको वचनसँग ठूलो शक्ति छ

**उद्देश्य २**. *आत्मा जित्नमा परमेश्वरको वचन क्रियाशील हुने पाँच तरिकाहरूको सूची बनाउनुहोस् ।*

### वचनले पाप प्रकट गर्दछ

धेरै वर्ष पहिले चीन देशमा एक व्यक्तिले रोमीको पुस्तकको पहिलो अध्यायलाई चर्को स्वरमा पढिरहेका थिए । मानिसहरूको एक समूहले उनको वरिपरि बसी बडो ध्यानसँग उनले पढेका कुराहरू सुन्दै, आ-आफ्नो टाउका हल्लाउँदै सहमति जनाइरहेका थिए । उनले निरन्तर पढ्दै जाँदा तिनीहरूले लाजमा आफ्ना टाउकोहरू यो सुनेर घोप्ट्याए, "तिनीहरू कुराउटे, बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहङ्कारी, अभिमानी, दुष्ट कुरा रचिहिँड्ने ..." (रोमी १:२९-२०) । निश्चय नै यी व्यक्तिहरू परमेश्वरको वचनद्वारा कायल पारिएका थिए, तर यदि तिनीहरूले अझै पढेका भए तिनीहरू यी शब्दहरूमा आउने थिए, "परमेश्वरका अनुग्रहको वरदानले खीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैमा धर्मी ठहरिएका छन्" (रोमी ३:२४) ।

मानिसहरूले परमेश्वरको वचन सुनेको किन दुष्टले चाहँदैन भन्ने कुरा यो कथाले स्पष्ट देखाएको छ । कुनै व्यक्ति साँचो गरी आफ्नो पापको कायल भयो भने उसले समाधानको उपाय खोज्छ- अनि परमेश्वरको वचनसँग त्यो पनि छ ।

## वचनले हृदयलाई छेड्छ

परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारून्जेल वारपार छेड्ने र हदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ (हिब्रु ४:१२) ।



एफिसी ६:१७ ले "पवित्र आत्माले हामीलाई दिनुहुने तरवारको रूपमा परमेश्वरको वचनलाई" ग्रहण गर्न हामीलाई आग्रह गरेको छ। परमेश्वरको वचनद्वारा हामी आत्मिक युद्धहरू लड्न सक्छौँ किनकि पवित्रशास्त्र मानिसका वचनहरूभन्दा धेरै नै महान् छ - तिनीहरूले ईश्वरीय प्रेरणा पाएका छन्। परमेश्वरको वचन पवित्र आत्माको तरवार हो।

तलको कथाले परमेश्वरको वचनको छेड्ने शक्तिलाई चित्रण गर्छ। एक नास्तिक उनको शहरमा आएका एक प्रख्यात सङ्गीतकारले बजाएको बाजा सुन्नका लागि एउटा ठूलो मण्डली भवनमा गए। धेरै मानिसहरू त्यस सेवामा आएका थिए, तर ती नास्तिकले बाजा सङ्गीतलाई मात्र सुन्ने योजना गरेका थिए। पास्टरले बाइबल पढ्दा, प्रचार गर्दा वा प्रार्थना गर्दा ती नास्तिकले त्यहाँ बोलिएको आवाज नसुन्नका लागि आफ्ना कानमा औँलाहरू कोचेर बन्द गर्थे।

तब एउटा झिङ्गा उनको नाकमा आएर बस्यो ! आफ्नो नाकमा बसेको झिङ्गा धपाउनको लागि उनले आफ्नो दाहिने हात प्रयोग गर्नका लागि कानबाट औँला झिक्दा, त्यसबेला पढिएको बाइबलको भागचाहिँ, "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईंले उद्धार पाउनुहुनेछ" (प्रेरित १६:३१) भन्ने थियो। ती मानिसले छिट्टै आफ्नो औँला आफ्नो कानमा पुऱ्याएर बन्द गरे- तर उनले सुनेका कुरालाई उनले मेट्न सकेनन्। उनले सुनेका ती शब्दहरू उनका मनमा घरिघरि दोहोरिरहे। सुसमाचारको यस भागलाई उनको हृदयमा बोल्नका लागि पवित्र आत्माले प्रयोग गर्नुभयो र पछि उनको जीवन परिवर्तन भयो !

## वचनले मुक्तिको बारेमा बताउँछ

बाइबलको सन्देशले पापलाई प्रकट र हृदयलाई छेड्ने काम मात्र गर्दैन, यसले मुक्तिको बारेमा पनि हामीलाई स्पष्टसँग बताउँछ। अँध्यारो पक्षलाई मात्र थाहा पाउने गरी हामीलाई नैराश्यमा छोडिएको छैन। हामीलाई उज्ज्वल पक्ष पनि प्रदान गर्ने आशाको पुस्तकको निम्ति परमेश्वरलाई धन्यवाद होस् !

मानिसको मुक्तिको निम्ति आवश्यकीय सम्पूर्ण तथ्यहरूलाई बाइबलले समावेश गरेको छ। यसको आनन्दमय सन्देश अन्य साहित्यिक कामहरूमा भेट्टाउन सकिँदैन। अन्य लेखाइहरूले एक पाठकलाई सुधार गर्न र केही असल गर्नका लागि आग्रह गर्न सक्छन्- तर तिनीहरूका सन्देशहरू सीमित हुन्छन्।

यसको विपरीत पवित्रशास्त्रले मुक्तिदाता येशूको बारेमा बताउँछ, जससँग मात्र अनन्त जीवनका वचनहरू छन् । पत्रुसले भनेजस्तै यस्ता वचनहरूका निम्ति हामी अरूहरू कसकहाँ जाने (यूहन्ना ६:६८) ? कसले यसो भन्न सक्छ, "म त तिनीहरूले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ" (यूहन्ना १०:१०) ?

त्यसकारण पवित्रशास्त्रको मुख्य विषयवस्तु येशू ख्रीष्टको वरिपरि केन्द्रित रहेको छ । येशूले भन्नुभयो, "मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्" (यूहन्ना ५:३९) । मुक्तिको बारेमा भएको बाइबलको मुख्य शिक्षा ख्रीष्टको सुसमाचार नै हो । "अहिलेसम्म बताइएको सबैभन्दा ठूलो कथा" लाई प्रेरित पावलले यी शब्दहरूमा सारांशित गरेका छन् :

> किनभने मैले जे पाएँ, त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो । उहाँ केफासकहाँ, अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो (१ कोरिन्थी १५:३-५) ।

तब, सुसमाचारचाहिँ येशूको बारेमा परमेश्वरको कथा हो । सुसमाचारलाई संसारका निम्ति भएको उहाँको प्रेम-दान हो (यूहन्ना ३:१६) । पावलले यसो भनेकामा अचम्म मान्नुपर्ने कुरै छैन, "किनकि सुसमाचारसँग म शर्माउँदिन । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो" (रोमी १:१६) ।

## वचनले विश्वास उत्पादन गर्छ

प्रत्येक व्यक्तिमा परमेश्वरको निम्ति भोक रहेको हुन्छ । 'आफैँलाई अज्ञेयवादी हुँ' भनी दावी गर्ने व्यक्तिले पनि यस्तो भोकको अनुभव गरेको हुन्छ । हामीलाई आवश्यक पर्ने विश्वासको सृजना गर्नका लागि प्रभुले आफ्नो वचन दिनुभएको छ - अर्थात् येशू ख्रीष्टमा राखिनुपर्ने विश्वास । बाइबलले बताएको छ, "तर यी (आश्चर्यकर्महरू) लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्" (यूहन्ना २०:३१) ।

परमेश्वरको सन्देश कानद्वारा हृदयमा, र त्यसपछि ओठहरूमा आउनैपर्छ ।

“वचन तिम्रो नजिकै छ, तिम्रो मुखैमा र तिम्रो हृदयमा,” अर्थात् विश्वासको वरदान, जो हामी प्रचार गर्दछौँ । किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ । किनकि हामीले आफ्नो हृदयले गरेको विश्वासद्वारा हामी निर्दोष ठहरिन्छौँ र हामीले आफ्नो मुखले गरेको स्वीकारद्वारा हामीले उद्धार पाउँछौँ (रोमी १०:८-१०) ।



कानले सन्देश सुन्नैपर्छ,



हृदयले सन्देश विश्वास गर्नैपर्छ,



ओठहरूले सन्देश स्वीकार गर्नैपर्छ ।

के तपाईं आफ्नो विश्वास अरूहरूसँग बाँड्न चाहनुहुन्छ ? तिनीहरूलाई परमेश्वरको वचन दिएर तपाईं यो गर्न सक्नुहुन्छ । रोमी १०:१७ ले भनेको छ, “जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ, त्यो ख्रीष्टको प्रचारबाट आउँछ । तपाईंले परमेश्वरको सन्देशलाई सुन्नुभएझैँ अरूहरूले पनि यसलाई सुन्नैपर्छ । तब यसले तिनीहरूका हृदयमा प्रवेश गर्ने मौका पाउँछ र यसरी तिनीहरूले येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी विश्वास र स्वीकार गर्न सक्नेछन् ।

**६** विश्वास उत्पादन गर्नका निम्ति परमेश्वरको वचनले अपनाउने ठीक क्रमको ‘मार्ग’ के हो सो लेख्नुहोस् ।

.............................................................................................

## वचनले जीवन परिवर्तनलाई उत्पादन गर्छ

अझै पनि मुक्तिको अनुभव नगरेकी उनकी सण्डे स्कुल शिक्षिकाले १४ वर्ष उमेरकी जवान केटी पाल्मा लगायत अरू विद्यार्थीहरूलाई तिनीहरूका बाइबल पढ्नका लागि आग्रह गरिन् ।

पाल्माले आफ्नो अनुभव यसरी बताइन्, "मैले मत्तीको सुसमाचारबाट पढ्न सुरू गरेँ । मैले डाँडाको उपदेशसम्मको खण्ड पढेपछि, पापको गहिरो कायलपनले मेरो आत्मालाई समात्यो । म पास्टरकहाँ गएर यस बारेमा उहाँलाई बताएँ, तर उहाँको एउटै उत्तर यो थियो, 'तिमीजस्ती असल केटीलाई पापको बारेमा के थाहा छ र ? घरमा गएर तिम्रा पुतलीहरूसँग खेल !' मेरा मुक्तिदाताका रूपमा येशूलाई भेट्टाउन मलाई सहयोग गर्न सक्ने कुनै पनि व्यक्तिलाई मैले पाउन सकिन ।"

ख्रीष्ट र उहाँको क्षमादान कसरी प्राप्त गर्न सकिन्छ भन्ने बारेमा पाल्मालाई केही थाहा थिएन । पाँच वर्षसम्म उनले प्रभुलाई चिन्न चाहने र उनले यस पृथ्वी छोड्दा स्वर्गमा पुग्न पाउने निश्चयताको बोझ बोकिरहिन्- तर उहाँलाई कसरी प्राप्त गर्ने भन्ने बारेमा उनलाई थाहा थिएन । तब एक दिन उनी अर्को शहरमा भएको एउटा मण्डलीमा गइन् । यहाँ पास्टरले पश्चात्ताप र नयाँ जन्म पाउनुपर्ने आवश्यकताको बारेमा परमेश्वरको वचनबाट पाल्मालाई देखाए र परमेश्वरको वचनद्वारा तिनले आत्मिक जीवन प्राप्त गरिन् ।

"साँचो जीवन परिवर्तनको अनुभव गर्दा म कति धेरै खुसी भएँ" भनी तिनले व्यक्त गरिन् । तिनले पवित्र आत्माको बप्तिस्मा पाइन् जुनचाहिँ तिनको जीवनमा अर्को उज्ज्वल अनुभव थियो । पछि तिनी चीन, श्रीलङ्का र ताइवानमा मिशनेरीको रूमा गइन् र तिनी आफैँले अनुभव गरेका जस्तै अनुभवहरूमा अरूहरू धेरैलाई अगुवाइ गर्दै तिनले धेरै फलदायक वर्षहरू बिताइन् ।

जीवनले मात्र जीवन दिन सक्छ भन्ने सिद्धान्तलाई बाइबलले कार्यान्वयन गर्दछ । प्रेरित पत्रुसले आफ्नो पत्रमा लेखेका छन् कि, "परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जनमेका छौ" (१ पत्रुस १:२३) । उनले अझै व्याख्या गर्दै भनेका छन्, "अनि तिमीहरूलाई प्रचार गरिएको सुसमाचारको वचन यही हो" (२५ पद) । प्रेरित याकूबले यो लेख्दा यस सत्यतालाई पक्का पारेका छन् कि परमेश्वरले "आफ्नै इच्छाले सत्यको वचनद्वारा हामीलाई जन्म दिनुभयो" (याकूब १:१८) ।

परमेश्वरको जीवित वचनले नयाँ जन्मद्वारा आत्मिक जीवन उत्पादन गर्दछ ।

**७** बायाँपट्टि दिइएको व्यक्तिको विवरणसँग दायाँपट्टि दिइएको उनको वा तिनको जीवनमा परमेश्वरको वचनले के गर्न सक्छ भन्ने विवरणसँग जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| ....क | सुजनलाई आफू असलै छु जस्तो लाग्छ | १) जीवन परिवर्तनलाई उत्पादन गर्नु |
| ....ख | दानिएललाई आशाको सन्देशको आवश्यकता छ | २) पाप प्रकट गर्नु |
| ....ग | याकूबमा विश्वास गर्ने विश्वासको कमी छ | ३) हृदयलाई छेड्नु |
| ....घ | मरियमले आत्मिक कुराहरूलाई बन्द गर्ने कोशिश गर्छिन् | ४) मुक्तिको बारेमा बताउनु |
| ....ङ | पावल उद्धार पाएको चाहन्छन् | ५) विश्वास उत्पादन गर्नु |

**८** आत्मा जित्नमा परमेश्वरको वचनले काम गर्ने पाँच तरिकाहरूलाई समीक्षा गर्नुहोस् । तपाईंको स्मरणबाट तिनीहरूलाई तपाईंको अभ्यास पुस्तिकामा लेख्नुहोस् ।

## परमेश्वर वचन र पवित्र आत्माले एकसाथ काम गर्नुहुन्छ

**उद्देश्य ३.** *जीवन परिवर्तन गराउनका लागि परमेश्वरको वचन पवित्र आत्माको औजार हो भनी पहिचान गर्नुहोस् ।*

"मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो" (एफिसी ६:१७) । पवित्र आत्माको सेवाको यस युगमा, उहाँको हतियार परमेश्वरको वचन हो । याद गर्नुहोस् कि यसले मानिसको विवेक र उसको हृदयलाई "छेड्छ" (हिब्रू ४:१२) । वचनचाहिँ पवित्र आत्माको तरवार हो । प्रभुका शत्रुहरूका निम्ति यो कस्तो भीषण संयोजन !

पावलले लेखेका थिए, "किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ" (२ कोरिन्थी १०:४) । परमेश्वरका शक्तिशाली अस्त्र-शस्त्रहरू के के हुन् ? पवित्र आत्मामा प्रार्थना गर्नु, परमेश्वरको वचन प्रयोग गर्नु, येशूको नामको पुकारा गर्नु र उहाँले बगाउनुभएको

रगतको शक्तिमा भरोसा राख्नु । यी अस्त्र-शस्त्रहरूद्वारा "परमेश्वरका ज्ञानको विरूद्धमा खडा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई खीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं (२ कोरिन्थी १०:५) ।

आत्मा जित्ने काममा संलग्न हुनुहुँदा, तपाईं ठूलो आत्मिक युद्धमा भिड्नु भएको हुन्छ । दुष्ट आत्माहरू, रहस्यमय दबाबहरू र अन्धकारका अन्य शक्तिहरूले मानिसहरूलाई इस्पातले जस्तै गरी अँठ्याउँछन् र तिनीहरूलाई छुट्कारा दिनका लागि मद्दत गर्नेहरूलाई शैतानले विरोध गर्दछ, तर तपाईंले भरोसा गर्नुभएका प्रभु नै विजयी हुनुहुन्छ ! उहाँले भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ" (मत्ती २८:१८-१९) ।

आत्मा जित्ने सबै काममा, तपाईं पवित्र आत्मामा भर पर्नैपर्छ र तपाईंले आफ्नो हृदयमा वचनलाई जीवित पार्नका लागि उहाँलाई ठाउँ दिनुपर्छ, यसरी तपाईंले ठीक समय र ठीक ठाउँमा ठीक शब्दहरू बोल्न सक्नुहुन्छ । अधिकारको मुनि रहेर बोल्नुहोस् । याद गर्नुहोस्, तपाईंको काम सुसमाचारको सत्यतालाई घोषणा गर्नु हो । मानिसहरूलाई यस सत्यताप्रति कायल पार्ने र उनीहरूलाई पश्चात्तापमा डोऱ्याउने जिम्मेवारी पवित्र आत्माको नै हो । तपाईंले उहाँको काम गर्न सक्नुहुन्न र तपाईंको काम पनि उहाँले गरिदिनुहुन्न । पवित्र आत्मा र हाम्रो बीचको ठूलो साझेदारी यो नै हो जसलाई परमेश्वरले उहाँको कार्य पूरा गर्ने माध्यमको रूपमा नियुक्त गर्नुभएको छ ।

पेन्तिकोसको दिनमा पत्रुसले पवित्र आत्माले भरिएर, यरूशलेमको सडकमा जम्मा भएका हजारौं मानिसहरूलाई ठूलो शक्तिका साथ वचन प्रचार गरेका थिए (प्रेरित २:१४-४०) । उनले पुरानो करारबाट एकपछि अर्को बाइबल पदहरूलाई उद्धरण गरेका थिए । यी बाइबल खण्डहरूबाट उनले क्रूसमा टाँगिनुभएको, फेरि बौरिउठ्नुभएको, महिमामा विराजमान हुनुभएको, र महिमित पवित्र आत्मा दिनुहुने खीष्टको प्रचार गरेका थिए । त्यसदिन वचन पत्रुसको हातमा कालीगढको घनजस्तै भयो ! उनले वचन प्रचार गरेर मानिसहरूका हृदयहरूलाई कायल पार्न पवित्र आत्माले यसलाई प्रयोग गर्नुभयो । "हामीले के गर्ने" भनी तिनीहरूले चित्कार व्यक्त गरे ।

तिनीहरूका आफ्ना पापहरूबाट फर्केर ख्रीष्टको मुक्तिको प्रबन्धलाई स्वीकार गर्नका लागि "अरू धेरै शब्दहरू" कासाथ पत्रुसले तिनीहरूलाई आग्रह गरे। दिइएको सन्देश र गरिएको आग्रह यति धेरै शक्तिशाली थियो कि धेरै जनाले विश्वास गरे र बप्तिस्मा लिए। कमसेकम ३००० व्यक्तिहरू विश्वासीहरूका समूहमा थपिए (प्रेरित २:४१)। निरन्तर रूपमा, वचनको प्रचार भइरहँदा, सङ्ख्या वृद्धि भएर पछि ५००० पुग्यो (प्रेरित ४:४)। बाइबल समयहरूमा परमेश्वरको वचनले गरेझैँ अहिले पनि शक्तिमा प्रकट गरिएको उहाँको वचनले जीवन परिवर्तन उत्पादन गर्छ। हामीले सुसमाचार बाँडेका व्यक्तिहरूका हृदयमा काम गर्नका लागि हामीले पवित्र आत्मामाथि भरोसा राख्नैपर्छ।

**९** बाइबललाई तरवार भनिएको छ, तर यो मात्र हाम्रो तरवार होइन। यो ........................................................................ पनि हो।

**१०** पवित्र आत्मा र वचनले जीवन परिवर्तनको उत्पादन गर्न कसरी एकसाथ काम गर्नुहुन्छ, तपाईंका आफ्नै शब्दहरूमा वर्णन गर्नुहोस्।

................................................................................................

................................................................................................

## परमेश्वरको वचन तपाईंको जीवनको महत्वपूर्ण भाग बन्नुपर्दछ

**उद्देश्य ४**. *तपाईं कसरी परमेश्वरको वचनलाई तपाईंको जीवनको महत्वपूर्ण भाग बनाउन सक्नुहुन्छ भनी देखाउने बयानहरूलाई पहिचान गर्नुहोस्।*

"ख्रीष्टको वचन तिमीहरूमा प्रशस्तसँग वास गरोस्" भनी प्रेरित पावलले आग्रह गरेका छन् (कलस्सी ३:१६)। वचनचाहिँ तपाईंको जीवन र साक्षीको भाग बन्नैपर्छ। यसको अर्थ दिनहुँ बाइबल पढ्ने र यसमाथि मनन गर्ने हुन्छ। वचनमा तपाईंले बिताउनुभएको समयको साथसाथै प्रार्थनामा पनि समय बिताउनुहोस्। यसरी परमेश्वर आफ्नो वचनद्वारा तपाईंसँग बोल्नुहुन्छ; तब तपाईं प्रार्थना र आराधनामा परमेश्वरसँग बोल्नुहुन्छ। मुक्तिको आवश्यकता परेका धेरै मानिसहरूका बारेमा पनि उहाँसँग कुराकानी गर्नुहोस् र नाम काढेर एक एक गरी ती व्यक्तिहरूका निम्ति प्रार्थना गर्नुहोस्। विभिन्न थोकहरूका निम्तिभन्दा धेरै प्रार्थना गरिरहनुहोस्। तब मानिसहरूलाई साक्षी दिने काम तपाईंलाई सास फेर्नुजत्तिकै स्वाभाविक बन्छ।

परमेश्वरको वचनलाई तपाईंको हृदय र मनमा राख्नुको विकल्प त्यहाँ अरू केही छैन । तपाईंलाई कण्ठ गर्नको निम्ति प्रत्येक पाठले एउटा वा दुईवटा पदहरू दिएको छ जसलाई हामीले औंलाटुप्पो बाइबल खण्ड भनी नामाकरण गरेका छौं । तल उल्लिखित पदलाई पहिलेका पाठहरूमा बाइबल खण्डको भागको रूपमा गरिसकिएको कुरा तपाईंले पहिचान गर्नुहुनेछ, तर यदि तपाईंले यसलाई कण्ठ गर्नुभयो भने यसलाई अझै प्रभावकारी रूपमा प्रयोग गर्न सक्नुहुनेछ ।

**११** *औंलाटुप्पो बाइबल खण्ड*

*शीर्षक :* **उहाँको कृपाद्वारा बचाइएको** *बाइबल खण्ड :* **तीतस ३:६**

*बाइबल पद :* **तब हामी आफैंले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।**

तपाईंले कसैसँग सुसमाचार बाँड्न सुरू गर्नुहुँदा सम्भाव्य नयाँ विश्वासीलाई चासो लाग्ने विषयहरूका बारेमा स्वाभाविक किसिमले कुराकानी गर्नुहोस् । तब पवित्र आत्माले तपाईंलाई अगुवाइ गर्नुभएअनुसार, आत्मिक विषयहरूमा कुराकानी गर्न थाल्नुहोस् । तपाईंले भन्नुभएका कुराहरूलाई बल दिन बाइबल पदहरूलाई प्रयोग गर्नुहोस् । राम्रोसँग छानिएको र पवित्र आत्माद्वारा अभिषेक पाएको पदले तपाईंका आफ्नै शब्दहरूमा अधिकार थपेको हुन्छ । तर ख्रीष्टियान विश्वासका बारेमा थोरै मात्र जानेका व्यक्तिलाई धेरै बाइबल पदहरू उद्धृत नगर्नुहोस् । येशूले व्यक्तिगत कार्य गर्नुहुँदा, आत्मिक विषयहरूमा चासो नदिने व्यक्तिहरूलाई आकलझुकल मात्र बाइबल पदहरूलाई उद्धृत गर्नुभयो । यसको सट्टामा त उहाँले तिनीहरूलाई तिनीहरूका आफ्नै भूमिमा भेटेर तिनीहरूका ध्यानलाई कब्जा गर्नुभयो वा तिनीहरूले चासो राखेका कुराहरूमा नै तिनीहरूसँग कुराकानी गर्नुभयो । त्यसपछि उहाँले तिनीहरूलाई आत्मिक सत्यतामा डोऱ्याउनुभयो ।

यसरी नै उहाँ यरीहोको शहरमा मुख्य कर उठाउनेकहाँ पुग्नुभयो । जखायस एक होचा मानिस थिए जसले येशूलाई हेर्न चाहेका थिए, तर उनी भीडलाई छिचोलेर अगाडि जान सकेनन् । तब येशूलाई राम्रोसँग हेर्नका लागि उहाँ जाँदै गर्नुभएको बाटोको नजिकैको रुखमा उनी चढे । येशूले माथि हेरेर "ए जखायस,



चाँडो ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ" भन्नुहुँदा यो उनको लागि कति अचम्मको कुरा भयो होला !

जखायस झट्टै रुखबाट ओर्लेर आए । उनले आशा गरेकाभन्दा पनि धेरै कुरा त्यहाँ भयो ! यी होचा मानिसले आनन्दसाथ आफ्नो घरमा महान् मुक्तिदातालाई स्वागत गरेको कुरालाई चित्रण गर्नुहोस् ! येशूलाई स्वागत गर्ने उनको इच्छाको कारण येशूले यी शब्दहरू भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ ।" सर्वप्रथम जखायससँग मित्रता गाँस्नु भई, येशूले आफ्ना भक्त चेलाका रूपमा उनलाई जित्नुभयो (लूका १९:१-१०) ।

**१२** प्रत्येक वाक्यांशलाई पूरा गर्ने वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् । परमेश्वरको वचनलाई हाम्रो जीवनको महत्वपूर्ण भाग बनाउन हामी मद्दत गर्न सक्छौँ, यदि हामीले

क यसलाई प्रार्थनापूर्ण प्रकारले पढ्यौँ भने ।

ख आफूले पढेका कुरामा विचार र मनन गर्ने समय लियौँ भने ।

ग बाइबल पदहरूलाई कण्ठ गऱ्यौँ भने ।

घ मण्डलीमा जाँदा हामीसँग बाइबल लग्यौँ भने ।

**१३** प्रार्थना, अध्ययन, पढाइ वा कण्ठ गराइ, कुनचाहिँ क्षेत्रमा तपाईंको जीवनमा बलियो पार्नु आवश्यक छ आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस् । यस सम्बन्धमा मद्दत गर्नका लागि प्रभुसँग विन्ती गर्नुहोस र आत्मिक कुराहरूका लागि अझै समय दिन सक्नाका लागि तपाईंको समय-तालिकालाई परिवर्तन गर्ने कोशिश गर्नुहोस् !

अध्ययनको यस दोस्रो एकाइ - 'प्राप्त गर्नुपर्ने शक्ति- सुसज्जित हुनु !' मा, तपाईंले जीवन परिवर्तन हुनुमा, पवित्र आत्माको सेवामा, र परमेश्वरको वचनमा परमेश्वरको अलौकिक शक्तिलाई हेर्नुभएको छ । आफ्ना मानिसहरूले पूरा गर्नुपर्ने कामको निम्ति उनीहरूलाई सुसज्जित पार्नका लागि उहाँले जुटाइदिनुभएको छ ।

**स्वयम्-जाँच**

**१** परमेश्वरको वचनलाई वर्णन गर्ने तलको सूचीबाट तीन थोकहरूलाई छान्नुहोस् ।

क) जीवित
ख) परिवर्तनशील
ग) सीमित
घ) सत्य
ङ) अविनाशी

**२** वाक्यांशलाई पूरा गर्ने प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् । प्रत्येक ख्रीष्टियानको जिम्मेवारी

क) परमेश्वरको वचनलाई पढ्नु र मनन गर्नु हो ।
ख) अरूहरूसँग सुसमाचार बाँड्नु हो ।
ग) मानिसहरूलाई पापको कायल बनाउनु हो ।
घ) येशूलाई प्रभु र मुक्तिदाताका रूपमा स्वीकार गर्नु हो ।

**३** परमेश्वरको वचनलाई तुलना गरिएका तीन थोकहरूलाई हामीले यस पाठमा अध्ययन गरेका छौं । यी तीन थोकहरू के हुन् ?

..........................................................................................

**४** प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।
क) येशूले अधिकारसाथ सिकाउनुभएको हुनाले उहाँको शिक्षा फरक थियो ।
ख) अनुग्रह र सत्यता येशूद्वारा आए ।
ग) परमेश्वरको वचनले पापको कायल गराउँछ र आशा प्रदान गर्छ ।
घ) व्यवस्था मोशाद्वारा आयो र व्यवस्थाको पालनाद्वारा विश्वास आउँछ ।

**५** बायाँपट्टि दिइएको प्रत्येक कार्यसँग दायाँपट्टि दिइएको गुणलाई जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| ....क | परमेश्वरको वचनद्वारा दिइएको | १) मित्रता |
| ....ख | हाम्रो गलत कामलाई देखाउँछ | २) अधिकार |
| ....ग | जीवन उत्पादन गर्छ | ३) पवित्र धर्मशास्त्र |
| ....घ | येशूले जखायसलाई देखाउनुभयो | ४) व्यवस्था |
| ....ङ | हामीले कण्ठ गर्नैपर्छ | ५) अनुग्रह |

**६** हामीमा सक्रिय विश्वास निर्माण गर्नका लागि परमेश्वरको वचनले कुन "मार्ग" लिएको छ ?

.......................................................................................................

**७** औँलाटुप्पो बाइबल खण्डबाट तपाईंले सिक्नुभएका पदहरूलाई आफ्नो स्मरणबाट अभ्यास पुस्तिकामा लेख्नुहोस् वा उद्धृत गरेर कसैलाई सुनाउनुहोस् । शीर्षक, बाइबल खण्ड र बाइबल पदलाई समावेश गर्नुहोस् ।

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

**१** परमेश्वर ।

**८** परमेश्वरको वचनले पापको प्रकट गर्छ, हृदयलाई छेड्छ, मुक्तिको बारेमा बताउँछ, विश्वास उत्पादन गर्छ, र जीवन परिवर्तन गराउँछ ।

**२** आफ्नो कार्डलाई नहेरिकन नै तपाईंले औंलाटुप्पो खण्ड, यूहन्ना १:१८ का तीनवटा नै भागहरूलाई उद्धरण गर्न सक्नुपर्नेछ ।

**९** आत्माको तरवार ।

**३** गल्ती काम (वा पाप) ।

**१०** तपाईंको उत्तर । म यसो भन्न सक्छु कि वचनको सन्देशलाई पवित्र आत्माले हृदयमा वास्तविक बनाउनुहुन्छ ।

**४** *व्यवस्था मुनि :* गल्ती काम, पाप, दण्ड, बन्धन ।

*अनुग्रह मुनि :* सत्यता, जीवन, कृपा, स्वतन्त्रता ।

**११** आफ्नो कार्डलाई नहेरिकन नै तपाईंले औंलाटुप्पो खण्ड, तीतस ३:५ का तीनवटा नै भागहरूलाई उद्धरण गर्न सक्नुपर्नेछ ।

**५** तपाईंको उत्तर । मचाहिँ यसो भन्छु : बाइबल परमेश्वरद्वारा प्रेरणा पाएको वचन हो र यसले सर्वोच्च अधिकारको प्रतिनिधित्व गर्छ, र बाइबलले मुक्तिको सन्देश बताउँछ ।

**१२** क) यसलाई प्रार्थनापूर्ण प्रकारले पढ्यौं भने ।

ख) आफूले पढेका कुरामा विचार र मनन गर्ने समय लियौं भने ।

ग) बाइबल पदहरूलाई कण्ठ गर्‍यौं भने ।

घ) चाहिँ होइन । व्यक्तिगत बाइबल अध्ययनको समय नबिताइकन पनि हामीले बाइबल बोक्ने बानी बसाल्न सक्छौं ।)

**६** कानहरू, हृदय, ओठहरू (वा मुख) ।

**१३** तपाईंको उत्तर ।

**७** **क** २) पाप प्रकट गर्नु ।

**ख** ४) मुक्तिको बारेमा बताउनु ।

**ग** ५) विश्वास उत्पादन गर्नु ।

**घ** ३) हृदयलाई छेड्नु ।

**ङ** १) जीवन परिवर्तनलाई उत्पादन गर्नु ।

## तपाईंको बुँदा टिपोटको निम्ति

# एकाइ ३

## गर्नुपर्ने काम- संलग्न हुनु !

